# बैठक नं. ९
# २०७४ असोज २७

आज मिति २०७४ असोज २७ गते शुक्रबारका दिन यस मुसिकोट नगरपालिका नगर कार्यपालिकाको नवौं बैठक नगर प्रमुख श्री देविलाल गौतामज्यूको अध्यक्षतामा मुसिकोट नगरपालिका वडा नं. १ स्थित नगर सभाहलमा बस्यो । उपस्थित तथा निर्णय तपशिल बमोजिम छ

**निर्णय नं.१**

मुसिकोट नगरपालिका वडा नं. ९ स्थिति चुनखोला २ जलविद्युत आयोजनाको मर्मतको कार्य सम्पन्न भई मुल्याकंन समेत भईसकेको हुनाले म्याचिङ फण्डबाट विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं.२**

दशै लक्षित सडक सरसफाईको भुक्तानी गर्दा उपभोक्ता समितिको नाममा वडा अध्यक्षको सिफारीसमा दिने र उपभोक्ता समिति नभएको अवस्थामा वडा अध्यक्षको सिफारीसमा डोजर सञ्चालकलाई सिधै भुक्तानी दिन नगरपालिकालाई अधिकार दिने निर्णय गरीयो ।

**निर्णय नं.३**

यस नगरपालिकाको आवधिक नगर विकास योजना निर्माण गर्नका लागि मुल्य अभिवृद्धि कर बाहेक म्याचिङ फण्डमा विनियोजन रकमबाट रु ५००००० (पाँच लाख) छुट्टयाउने निर्णय गरीयो ।

**निर्णय नं.४.**

यस नगर कार्यपालिकामा गठन भएका विभिन्न विषयगत समितिहरुलाई क्रियाशिल बनाउने निर्ण गरीयो । उक्त समितिहरुको कार्यहरुको सहयोगको लागि नगरपालिका बाट १ जना कर्मचारी खटाउने निर्णय गरीयो ।

**निर्णय नं.५.**

यस मुसिकोट नगरपालिकाको विभिन्न क्षेत्रहरुम विगत बर्षाको समयमा र्दवि प्रकोपबाट क्षति भएका संरचनाहरु यस नगरपालिकामा आएका निवेदन उपर छलफल गर्दा यस आ.व.को विपन व्यवस्थापन बाट विनियोजित गरीएको रकमबाट रु १० लाख छुट्टयाउने निर्णय गरीयो ।

**निर्णय नं.६.**

यस मुसिकोट नगरपालिका क्षेत्रभित्रको फोहोर व्यवस्थापन गर्नको लागि मुसिकोट नगरपालिका स्थित रहेको ***पमीव मा*** रहेको डम्पीङ साइडमा खाडलहरु खन्ने काम भएको प्राविधिक मुल्याकंन अनुसा रकम भुक्तनी गर्न फोहोर व्यवस्थापनबाट विनियोजित रकम बाट छुट्टयाउने निर्णय गरीयो ।

**निर्णय नं.७.**

स्वास्थ्य क्षेत्रका अत्यावश्यक कार्यक्रमहरु संञ्चालन गर्न स्वास्थ्य क्षेत्रका कर्मचारीलाई पेश्की उपलब्ध गराई कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.८.**

विषयगत कार्यालयहरुबाट आएका कार्यक्रमहरु विषयगत समितिहरुमा छलफल गराई स्वीकृत गरी नगर प्रमुख समक्ष पेश गरी सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.९.**

न्यायिक समिति व्यवस्थापनका लागि कानुनि कारबाही तथा परामर्शका लागि आउने कानुनी व्यवसायीहरुलाई यातायात तथा खाना, खाजा खर्च वापत् प्रतिदिन रु ७००(सात सय) का दरले उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं.१०.**

तिज विशेष कार्यक्रम सञ्चानल गरेका तपशिल बमोजिम संस्थाहरुलाई तपशिल बमोजिमका खर्च भुक्तानी दिने निर्णय गरीयो ।

१. धनमाया स्मिृति प्रतिष्ठान- रु. २५००० (पच्चीस हजार)
२. निजामती महिला कर्मचारी रु. १५००० (पन्ध्र हजार)

**निर्णय नं.११.**

यस मुसिकोट नगरपालिका कार्यालयको दैनिक कार्य सञ्चालनको आवश्यक २ ओटा मोटर साइकल खरीद गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१२.**

यस मुसिकोट नगरपालिकामा भैपरी आउने तथा अन्य आर्थिक सहायताका लागि म्याचिङ फण्डको लागि छुट्टयाको रकम बाट रु २ लाख छुट्टयाउने निर्णय गरीयो ।

**निर्णय नं.१३.** मुसिकोट नगरपालिकामा कार्यरत प्राविधिकहरु साझ विहान कार्यालय समय भन्दा अन्य समयमा कामगर्नुपर्ने भएकोले निजहरुलाई मिति २०७४/७/१ देखि लागु हुनेगरी कम्तीमा १५ दिनको टि.ए.डि.ए. बराबर हुन आउने रकम बारबारको प्रोत्साहन भत्ता मासिक रुपमा उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं.१४**

.यस मुसिकोट नगरपालिका वडा नं. ४ मा खानेपानीको अभाव भएको एक घर एक धाराको कार्यक्रम अनुसार जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुकुमलाई अनुरोध गर्ने, साथै ल्याण्डलाईन टेलिफोन सञ्चालनको लागि वडा नं. ४ को सितलपोखरी देखि सोलाबाङ सम्मको लागि नेपाल टेलिकम रुकुमलाई अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१५.**

यस मुसिकोट नगरपालिका वडा नं. ८ मा मोबाइल टावर निर्माण गर्न नेपाल टेलिकम रुकुमलाई अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१६.**

यस मुसिकोट नगरपालिका वडा नं. १३ मा रहेको मुग्लुखोला तटबन्ध निर्माणको लागि जलउत्पन्न प्रकोप नियन्त्रया कार्यालय लमही दाङमा अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१७.**

लक्षित वर्ग तर्फ विनियोजित बजेटबाट सरकोकारवाला व्यक्ति संघ-संस्थाहरु संग समन्वय गरी कार्यक्रमहरु तय गरी सम्बन्धीत संघ संस्थाहरु मार्फत संचानग गर्न न.पा. उप प्रमुख ज्यूलाइ जिम्मा दिने निर्णय गरीयो ।

**निर्णय नं.१८.**

नगपालिकामा हुने दैनिक तथा आकस्मिक खर्चहरुमा रु १५० सम्मा खर्चहरु गर्न सक्ने गरी नगरपालिका प्रमुख ज्यूलाइ अधिकार प्रत्यायोजन गर्ने तथा सो खर्चहरुको आगामी बैठकहरु अनुमोदन गराउने निर्णय गरीयो ।

**निर्णय नं.१९.**

वडा नं. ६ वडा कार्यालयमा दैनिक कार्य सञ्चालन गर्न कम्प्युटर जडानका लागि विद्युत व्यवस्थापन नभएकोले सोलार सिस्टम जडान गर्ने निर्णय गरीयो ।